## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८३/०३/०६ गते

आज मिति २०८३ साल असार ०६ गते शनिवारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

**अन्य उपस्थिति:**

१८. तेजु राज कुमाल (ले.अ.)

१९. बिकाश के.सी. प्र.अ.

२०. प्रेम पराजुली (सं.लि.अ.)

२१. रमा सुवेदी (सं.कृ.अ.)

मोदी गाउँपालिका गाउँ कार्यपालिका
बैठक मिति २०८३/०३/०६ गतेको निर्णय

बैठक संख्या १४

निर्णय नं १

विषयगत समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्थानिय विकासका प्राथमिकताका क्षेत्र अनुसार प्राथमिकिकरण र सांकेतिकरण सहित पेश भएको बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्न सहमति प्रदान गर्ने ।

निर्णय नं २

दिर्घकालिन र विषयक्षेत्रगत योजनामा स्थानिय विकासका प्राथमिकताका क्षेत्र निर्धारण सम्बन्धी विषयगत समिताबाट पेश हुन आएका प्रतिवेदन स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

निर्णय नं ३

मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा स्वीकृत दरबन्दीभित्र साविकमा सेवा करारमा कार्यरत रहि चालु आ.व.०८२।०८३ मा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीहरुको प्रचलित कानुनी व्यवस्था बमोजिमको मापदण्डको अधिनमा रहि कार्यसम्पादन मुल्यांकन गरी मुल्यांकनमा ८० प्रतिशत भन्दा बढी अंक हासिल गर्ने कार्यालय सहयोगीहरुलाई सेवा करारमा नियुक्ती गर्ने सम्बन्धी प्रस्ताव गाउँसभाको १९ औं अधिवेशनमा निर्णयार्थ पेश गर्ने। कार्यसम्पादन मुल्यांकनको लागी तपशिल बमोजिमको समिति गठन गर्ने।

तपशिल

| क सं | कर्मचारीको नामथर | पद | तोकिएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विकास केसी | प्रशासकीय अधिकृत | संयोजक | |
| २ | श्री प्रेम पराजुली | सहायक लेखा अधिकृत | सदस्य | |
| ३ | श्री दिपेन्द्र गौतम | वरिष्ठ प्रशासन सहायक | सदस्य | |
| ४ | श्री ओमकार सार्की | वडा सचिव | सदस्य | |
| ५ | श्री गायत्री चपाई | सहायक प्रशासकीय अधिकृत | सदस्य सचिव | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

गाउँपालिका
कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ४

आर्थिक अभावमा जिविकोपार्जन तथा औषधी उपचारमा समस्या रहेका तपशिल बमोजिमका विपन्न गरिब तथा असहाय नागरिकहरुलाई देहाय बमोजिमको आर्थिक सहायता प्रदान गर्ने ।

तपसिल

| क सं | नामथर | ठेगाना | घटनाको प्रकृती | आर्थिक सहायता रकम रु |
|---|---|---|---|---|
| १ | रुकमाया पुन | मोदी ३ | आर्थिक अवस्था कमजोर | ८०००।- |
| २ | तेज बहादुर जिसी | मोदी २ | बाखा मरेको | १००००।- |
| ३ | सविना खड्का | मोदी २ | आर्थिक विपन्नता | १००००।- |
| ४ | मनसिरी पुन | मोदी ३ | आर्थिक विपन्नता औषधोपचार | ८०००।- |
| ५ | सन्त कुमारी सार्की | मोदी ३ | आर्थिक विपन्नता औषधोपचार | १००००।- |
| ६ | गिता जैसी | मोदी ५ | आर्थिक अवस्था कमजोर | १००००।- |
| ७ | विष्णु कुमारी खड्का | मोदी ७ | आर्थिक अवस्था कमजोर औषधोपचार | १००००।- |
| ९ | प्रेम बहादुर घर्ति क्षेत्री | मोदी ६ | घरबार विहिन जिविकोपार्जनको लागी बाखा खरिदको लागी आर्थिक सहयोग | १००००।- |
| १० | राम बहादुर सार्की | मोदी ६ | आर्थिक अवस्था कमजोर रहेको र औषधीउपचार गर्न समस्या रहेको | ५०००।- |
| ११ | विष्णुमाया क्षेत्री | मोदी ७ | जिविकोपार्जनको लागी पालिएको बाखा मरेको | ७०००।- |
| १२ | पिताम्वर गौतम | मोदी ७ | आर्थिक अवस्था कमजोर रहेको र औषधीउपचार गर्न समस्या रहेको | १००००।- |
| १३ | तारा बहादुर क्षेत्री | मोदी ७ | आर्थिक अवस्था कमजोर रहेको र औषधीउपचार गर्न समस्या रहेको | १००००।- |
| १४ | तिल बहादुर क्षेत्री | मोदी ७ | आर्थिक अवस्था कमजोर रहेको र औषधीउपचार गर्न समस्या रहेको | १००००।- |
| १५ | लछुमन पुन | मोदी ३ | आर्थिक अवस्था कमजोर रहेको तथा जिविकोपार्जनको लागी पालिएका बङ्गुरहरु मरेको | १००००।- |
| १६ | डिल कुमारी राना | मोदी ६ | आर्थिक अवस्था कमजोर | |
| १७ | राम बहादुर बि क | मोदी १ | दुर्घटनामा परि घाईते भएको र आर्थिक अवस्था कमजोर रहेको हुँदा उपचारमा समस्या रहेको | १००००।- १००००।- |
| १८ | चन्द्र वि.क | मोदी ६ | आर्थिक अवस्था कमजोर | |
| १९ | प्रेम बहादुर सुनार | मोदी ८ | आर्थिक अवस्था कमजोर रहेको गोरु मरेको | १००००। १००००।- |
| २० | विष्णु बहादुर वि.क | मोदी ८ | दाहिने हातको औला काटिएको | १००००।- |
| २१ | लक्षमण बिश्वकर्मा | मोदी ८ | सवारी दुर्घटनामा परेको | १००००।- |
| २२ | देवी कुवर | मोदी ५ | घरको आगन पहिरोले लगेको | १००००।- |
| २३ | हरिकला पौडेल | मोदी ५ | आर्थिक अवस्था कमजोर पहिरोले घर जोखिमा | १००००।- |
| २४ | कमल नेपाली | मोदी ६ | आर्थिक अवस्था कमजोर र बुबाको क्रिया खर्च | १००००।- |
| २५ | धनमाया विक | मोदी १ | विपन्न एकल महिला,शौचालय निर्माण | १००००।- |
| २६ | कोपिला लामिछाने | मोदी ६ | घर जोखिम तथा आर्थिक अबस्था कमजोर | १००००।- |
| | जम्मा | | २३८००० | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं ५

मोदी गाउँपालिकाको प्राथिमकताको क्षेत्रको रुपमा उद्यमशिलता विकासको संभावनाको रुपमा रहेको खेर जाने केराको खम्बाबाट हाते कागज बनाउने विधिको विषयमा खोज तथा अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने अमृत साईन्स क्याम्पस काठमाण्डौमा विज्ञान तथा प्रविधि अध्यन संस्थानमा स्नातक तहको शोधार्थी विद्यार्थी विनिता शर्मा (स्थायी ठेगाना मोदी २, देउपुर) लाई कृषी पर्यटन उद्यमशिलता विकास जस्ता क्षेत्रमा अध्यन अनुसन्धान बृती शिर्षकमा चालु आ व २०८२।०८३को लागी विनियोजित बजेटबाट खर्च लेख्ने गरी रु ५००००।- (पचास हजार मात्र) अनुसन्धान बृती स्वरुप प्रदान गर्ने।

निर्णय नं ६

कास्की जिल्ला पोखरा महानगरपालिका वडा न ३२ बस्ने बल सिं पुनको छोरी तथा भिम बहादुर पुनको श्रीमती यम कुमारी पुनले आफ्नो नाममा दर्ता श्रेस्ता कायम रहेको साविक क्याङ गा. वि.स. वडा नं २ हाल मोदी गाउँपालिका वडा नं ४ स्थित कित्ता नं १४८ क्षेत्रफल ८-११-१-१ को जग्गा श्री लेस्पार मा वि लेस्पारलाई निशुल्क उपलब्ध गराउन ईच्छुक भएकोले उल्लेखित जग्गा विद्यालयको नाममा नामसारी गर्न सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि मोदी गाउँपालिका ४ नं वडा कार्यालयको च.नं. २७५ मिति २०८२।०८।२४ को पत्रानुसार सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनि लेखि आएको हुँदा विद्यालयको लागी उपर्युक्त रहेको उक्त जग्गा नामसारीको लागी सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ (पहिलो संशोधन २०८२) बमोजिमको जग्गा प्राप्ति प्रक्रिया अगाडी बढाउन सिफारिस गर्ने।

निर्णय नं ७

चालु आ व २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा माध्यमिक विद्यालय फर्निचर खरिद तथा व्यवस्थापन (नवजागृत माध्यममिक विद्यालय) शिर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको रकमबाट खर्च लेख्ने गरी तपशिल बमोजिमका विद्यालयहरुलाई फर्निचर खरिदको लागी उपलब्ध गराउने।

तपसिल

| क्र.स | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | मोदी ५ | रु १०००००। | |
| २ | श्री नवज्योती थम मा वि | मोदी १ | रु १०००००। | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीखोर, पर्वत
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ८

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम मोदी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागी निर्माण सामग्री ज्याला भाडा तथा महशुलको स्थानिय न्यूनत्तम ज्यालादर स्वीकृत गर्ने ।

निर्णय नं ९

मोदी गाउँपालिका भित्र आगामी आर्थिक वर्षहरुमा कार्यान्वयन हुने मध्यम तथा दिर्घकालिन प्रकृतीका आयोजनाहरुको सुची सहितको आयोजना बैकलाई स्वीकृत गर्ने ।

निर्णय नं १०

मोदी गाउँपालिकाबाट विगत आर्थिक वर्षहरुदेखि निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारका संरचनाहरु धार्मिक सांस्कृतिक ऐतिहासिक पर्यटकिय स्थलहरुको फोटो भिडियो सहित तयार गरिएको डिजिटल अभिलेखलाई स्वीकार गरि संस्थागत स्मरणको रुपमा व्यवस्थित गर्ने। कार्य सम्पन्न गर्ने फर्म/कम्पनीलाई सम्बन्धीत खर्च शिर्षकबाट भुक्तानी प्रदान गर्ने ।

निर्णय नं ११

मोदी गाउँपालिकाको स्थापना काल देखि हालसम्म कायम कुल संचित बेरुजु र मुल्यांकन वर्षमा वेरुजु सप्परिक्षणबाट फर्छयौट भएको बेरुजुको वार्षिक प्रगति प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं १२

चालु आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४६ बमोजिम ई-बिडिङ(E-Bidding) गर्नुपर्ने खरिद कार्यमा ई-बिडिङ (E-Bidding)प्रणाली अवलम्वन गरिएका आयोजना तथा कार्यक्रमहरुको विवरण सहितको प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं १३

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १४ को अधिनमा रहि गठन भएका विषयगत समितिहरुबाट प्रास प्रतिवेदनहरु गाउँसभाको आगामी १९ औं अधिवेशनमा पेश गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं १४

यस गाउँपालिका र अन्नपुर्ण गाउँपालिका कास्कीको सिमानामा ९(नौ) मेघावाट क्षमताको जलविद्युत आयोजना निर्माण गर्न यस गाउँपालिकाको वडा नं १ मा पर्ने महाविर खोलामा निर्माणजन्य सामग्रीहरु ढुँगा गिटी बालुवा उत्खनन एवं आयोजना संचालन हुने अवधि सम्मको लागी अस्थायी रुपमा क्रसर स्थापनाको अनुमतिको लागी उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास बोर्डबाट विद्युत उत्पादनको स्वीकृती तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन(Initial Environmental Examination) सहित श्री निको ईनर्जी लिमिटेड, मध्यपुर ठिमी -३ भक्तपुर को च.नं. १०० मिति २०८३।०१।०२ पत्रसहित निवेदन पेश भएकोमा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिबाट आयोजनाको स्थलको स्थलगत अनुगमन गराई प्राप्त रायको आधारमा यस कार्यालय र आयोजना कार्यालय विच नदीजन्य निर्माण सामग्री उत्खनन सम्बन्धी सम्झौता गरी सम्झौताका शर्तहरुको अधिनमा रहि तोकिएको परिमाणमा तोकिएको स्थलबाट मात्र वन, वातावरण, जैविक विविधता, जलस्रोत , स्थानिय जनजिवन तथा जिविकोपार्जनमा कुनै पनि प्रतिकुल असर नपर्ने गरी उत्खनन तथा अस्थायी क्रसर स्थापनाको लागी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (२) को खण्ड (प) को बुँदा नं (७) बमोजिम अनुमति प्रदान गर्ने सम्वन्धी प्रस्ताव गाउँसभामा पेश गर्ने ।

निर्णय नं १५

चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरु मध्ये हालसम्म निर्माण सम्पन्न आयोजनाहरु तथा कार्यक्रमहरुको मिति २०८३।०३।२० गतेभित्र फरफारक गरि उपभोक्ता समिति मार्फत सम्पन्न भएका पूर्वाधार आयोजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

निर्णय नं १६

मोदीगाउँपालकिाको गाउँपपालिका स्तरिय तथा वडास्तरिय अनुगमन समितिको एकिकृत प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं १७

मिति २०८२/११/१७ मा मोदी गाउँपालिकाको हलुका सवारी चालक राजेन्द्र पाध्याले चलाएको एम्बुलेन्सले मोदी गाउँपालिका वडा नं २ बस्ने डिल्लीराम पौडेलको गोठमा क्षति पुर्याएको हुँदा प्राविधिक लागत अनुमान बमोजिमको संरचनाको मर्मत सम्भारको लागी विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निवेदकलाई क्षतिपुर्ति स्वरुप रु ५६८३ अक्षरेपी रु पाँच हजार छ सय त्रीयासी मात्र उपलब्ध गराउने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष